# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# खप्तड छेडेदह गाउँपालिका
# बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३१७

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
खप्तड छेडेदह गाउँपालिका, बाजुरा ।

**कैफियत सहितको राय**

हामीले **खप्तड छेडेदह गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ५७ लाख ९६ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ८२ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ६७ हजार र पेस्की बाँकी रु. २६ लाख ८७ हजार रहेको छ । गत वर्षसम्म रु.८ करोड २८ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ८६ लाख ५१ हजार रहेको छ ।यस गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहिरको करार कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेको, निर्माण कार्यमा गुणस्तर परीक्षण नगरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।**गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# खप्तड छेडेदह गाउँपालिका, बाजुरा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | २१ | २५७९६ | ० | ० | ० | ४९ | २१ | २५७९६ | २६० | ४५६७ | १८२८२ | ० | ० | २३१०९ | २६८७ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ८२८५५ | ० | ० | ८२८५५ | ० | २५७९६ | १०८६५१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : खप्तड छेडेदह गाउँपालिका, बाजुरा , छेडेदह गाउँपालिका , बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्णराज जोशी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अमर बहादुर माझी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २५,७९६,४८४ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,६३,५०,७०९.३८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,५६,५८,८१० | **चालु खर्च** | २५,६३,८०,६५२.२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५५,३७,००० | **पूँजीगत खर्च** | १७,१०,७२,२१२.२३ |
| **राजश्व बाँडफाँट** | ५,९२,६३,९२७.२१ | **वित्तीय/अन्य व्यवस्था** | १२,५२,०४,२५७.६५ |
| **आन्तरिक आय** | १६,८५,७११.६२ | | |
| **अन्य आय** | ८,६४,६५,१२९.१९ | | |
| **कुल आय** | ५६,८६,१०,५७८.०२ | **कुल खर्च** | ५५,२६,५७,१२२.०८ |
| **बाँकी मौज्दात** | | ७,२३,०४,१६५.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्वेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा ३९ सभा सदस्य १३५ वर्ग किलोमिटर क्षेत्रफल तथा घरधुरी सर्वेक्षण २०७४ बमोजिम २२१३५ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ५२२५१८०७.३४ ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरेको पाईएन।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आय व्यय विवरणमा फरक परेको** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको प्राप्त एकिकृत विवरण अनुसार आय शीर्षकमा रु १७७७२९७.० आम्दानी बाँध्न बाँकी रहेको भनि रकम समावेश गरेको देखियो । सो रकम के कुन शीर्षकमा आयको हो एकिन गर्नुपर्ने गरी हिसाव मिलान गर्नुपर्ने । | |
| ३ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने । | |

| सि नं | विवरण | श्रेष्ता अनुसार अन्तिम मौज्दात | बैंक अनुसार अन्तिम मौज्दात | फरक |
|---|---|---|---|---|
| 1 | संचित कोष | 31000 | 2528701.68 | 2497701.68 |
| 2 | चालु खर्च खाता जोर वर्ष | 39542842.51 | 12805985.22 | -26736857.29 |
| 3 | पुँजिगत खर्च खाता जोर वर्ष | 30868286.56 | 42710705.09 | 11842418.53 |
| 4 | धरौटी | 1532386.62 | 1779939.93 | 247553.31 |
| 5 | विभाज्य कोष | 0 | 0 | 0 |
| 6 | स्थानीय तह विविध कोष | 0 | 144968 | 144968 |
| 7 | प्रकोप व्यवस्थापन कोष | 632747.66 | 862947.66 | 230200 |
| 8 | आन्तरिक राजश्व खातामा | 1532386.62 | 1685711.62 | 153325 |
| 9 | आन्तरिक अनुदान खाता | 0 | 48804334 | 48804334 |
| 10 | बांडफांडबाट प्राप्त राजस्व खाता | 0 | 15068164.11 | 15068164.11 |
| जम्मा रकम | | 74139649.97 | 126391457.3 | 52251807.34 |

४

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ३९५४२८४२.५१, पुजीगत खर्च खातामा रु. ३०८६८२८६.५६ मौज्दात रहेको

पाईयो ।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

| | | | | |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम**<br>**अवण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा बजेट पेश र पारित गर्ने व्यहोरा उल्लेख छ । बजेटमा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम तोक्नु पर्ने र पछि बाँडफाँड गर्ने गरी अवण्डा बजेट राख्न मिल्ने देखिदैन । गाउँपालिकाले आ.व.०७७।७८ को बजेट प्रस्ताव गर्दा आवश्यकता अनुसार गाउँपालिका भित्रका विभिन्न योजना निर्माण, मर्मत सम्भार तथा सञ्चालन र आवश्यकता अनुसार पूर्वाधार निर्माण भनि रु.१४०९००००। बजेट अवण्डा राखेको छ । ऐनको मनसाय वमोजिम आर्थिक बर्षको बजेट र कार्यक्रम पेश हुँदा स्पष्ट रुपमा कार्यक्रम/योजना किटान गरी बजेट प्रस्ताव गर्नुपर्दछ । अवण्डा राख्ने किसिमले बजेट प्रस्ताव गर्नु हुदैन । | |
| ६ | | | **बजेट पेश पारित तथा अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यगाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कुन्ति साउदँ बुढाले मिति २०७७/३/१० गते रु.५५ करोड ६० लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/३/२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| **चालु खर्चतर्फ** | 256381 | 48329 | 43842 | 164209 | 129541 |
| **पूँजिगत खर्चतर्फ** | 171072 | 615 | 22045 | 148412 | 89453 |
| **जम्मा** | 427453 | 48944 | 65887 | 312622 | 218994 |
| प्रतिशत | **75.66** | **११.६६** | **15.४५** | **७३.१४** | **38.76** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४२ करोड ७४ लाख ५३ हजर निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ८९ लाख ४४ हजार अर्थात ११.६६ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ५८ लाख ८७ हजार, अर्थात १५.४५ प्रतिशत र तेश्रो चौमासिकमा रु.३१ करोड २६ लाख २२ हजार, अर्थात ७३.१४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२१ करोड ८९ लाख ९४ हजार अर्थात ३८.७६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

८

**क्षेत्रगत बजेट तथा खर्चको स्थितीः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| 1 | आर्थिक विकास | 38067 | 29628 | 6.93 |
| 2 | सामाजिक विकास | 269656 | 242167 | 56.65 |
| 3 | पूर्वाधार विकास | 172367 | 112235 | 26.26 |
| 4 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 7520 | 3211 | 0.75 |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | 77345 | 40211 | 9.41 |
| **कुल जम्मा** | | **564955** | **427453** | **100** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५६.६५ प्रतिशत र घटीमा सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ०.७५ प्रतिशत रहेको छ ।

९ **खर्चको विश्लेषणः**

गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १६८५७११.६२ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४८०४५९७३७.२१ समेत रु. ४८७५३८२६०.७६ आम्दानी भएकोमा चालु तर्फ रु. २५६३८०६५२.२ र पूँजिगत तर्फ रु. १७१०७२२१२.२३ समेत रु. ४३२०२४०६३.३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७२ लाख ५५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३२२ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.३६ प्रतिशत चालु र ३५.६१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१० **लक्ष्य प्रगतिः**

कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ६१९ योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी,

प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | |
| ६१९ | ४२७४५२ | १०१ | ४ | ८ | १४ | |

११ **संगठन तथा कर्मचारी व्यवस्थापन**

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२ **कर्मचारी करार**

१,४६४,०००

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा ६३ जना कर्मचारीहरु करारमा राखि रु.१५६२६८५७.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको प्रशासन सहायक पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१४६४०००.० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

१३ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम

ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।

१४ **वडा सचिवको पदपूर्ति**

गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ७ दरबन्दी भएकोमा ७ पदपूर्ति भएको देखियो ।

१५ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, ६ वटा नियमावली र १५ वटा कार्यबिधि तथा ५ वटा निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **निवेदन दर्ता** | **सिफारिस भएको संख्या** |
|---|---|---|
| पञ्जिकरण तर्फ | | |
| जन्मदर्ता | १११३ | १११३ |
| मृत्युदर्ता | १४० | १४० |
| बसाईसराई दर्ता | ५७७ | ५७७ |
| विवाह दर्ता | ७६ | ७६ |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१६ **योजना छनौट तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
| | | | 93 | 67 | 51 | 27 | २४ | 9 | 271 |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.१५ हजार देखि १ करोड ५० लाख सम्मका जम्मा २७१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ९३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१७

**कानून निर्माण एवम् कार्यान्वयन**

**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ८ वटा ऐन, ६ वटा नियमावली, १५ कार्यविधि लगायत ३४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ ।

१८

**न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप कुनै पनि विवात दर्ता नै नभई १ वटा मात्र विवाद बाँकी भएकोमा फछ्र्यौट नभई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९

**पदाधिकारी सुविधा**

**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु. ७२५५०००.० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष७ जना | कार्यगाउँपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 24000 | 24000 | 168000 | 120000 | 576000 | 912000 |
| २ | यातायात खर्च | 120000 | 108000 | 0.00 | 60000 | 312000 | 600000 |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 294000 | 180000 | 576000 | 1182000 |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | 60000 | 54000 | 336000 | 180000 | 576000 | 1206000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 504000 | 300000 | 864000 | 1860000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 588000 | 0.00 | 0.00 | 816000 |
| ७ | खानेपानी/बिजुली/सरसफाई | 42000 | 36000 | 168000 | 120000 | 288000 | 654000 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 16000 | 9000.00 | 7000 | 25000 |
| जम्मा | | 571000 | 496500 | 2074000 | 969000 | 3199000 | 7255000 |

२०

**अनुदान फिर्ता, वितरण र उपयोग**

**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ ।

| अनुदानप्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम रु.हजारमा | खर्च रकम रु.हजारमा | फिर्ता रकम रु.हजारमा | |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २४५५५८ | २२३७३४ | २१८२४ | |
| | विषेश | १९००० | १८१०१ | ८९९ | |
| | समपूरक | १३००० | ६९१९ | ६०८१ | |
| प्रदेश सरकार | शसर्त | ५५०७ | ४४८२ | १०२४ | |
| | विषेश | १६२३३ | २७७३ | १३४५९ | |
| | समपुरक | ६८०० | ५६९३ | ११०७ | |

२१

**समपूरक अनुदान**

१,६६३,०००

समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सूदुरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये चालिस प्रतिशत प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी गाउँपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन। कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी नगरी समपूरक अनुदान खर्च गरेको नियमसम्मत नदेखिएको रु

(रु हजारमा)

| **स्रोत** | **योजनामा कुल खर्च रकम** | **गाउँपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम** |
|---|---|---|
| प्रदेश सरकार समपूरक अनुदान | २७७३ | १६६३ ( साठी प्रतिशत) |

२२

**ठेक्का व्यवस्थापन**

ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

(रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १७८७४५ | **०** | **०** | **१** | १०२० | **१७** | **१७७७२४** | | |

२३

**कर दस्तुर एवम् आन्तरिक आयः**

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु.१६ लाख ८६ हजार अर्थात अनुमान भन्दा ४१.८६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२४

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 350112297.50 | 1685711.62 | 0.48% |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२५

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३एकीकृत सम्पती कर | 700000.00 | 0.00 | 0.00 |
| ११३१४भुमिकर/मालपोत | 300000.00 | 101240.00 | 33.75 |
| ११३२१घरवहाल कर | 100000.00 | 153160.00 | 153.16 |
| ११६११व्यवसायले भुक्तानी गर्ने | 100000.00 | 166000.00 | 166.00 |
| ११६९१अन्य कर | 100000.00 | 482016.62 | 482.02 |
| १४२२९अन्य प्रशासनिक सेवा शुल्क | 800000.00 | 2800.00 | 0.35 |
| १४२४३सिफारिश दस्तुर | 700000.00 | 281595.00 | 40.23 |
| १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | 0.00 | 132100.00 | |
| १४२४५नाता प्रमाणित दस्तुर | 0.00 | 25300.00 | |
| १४३११न्यायिक दण्ड, जरिवाना र जफत | 100000.00 | 341500.00 | 341.50 |

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६

**राजस्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **रसिद नियन्त्रण खाता नरहेको**<br>आम्दानी तर्फ प्रयोग भएका नगदी रसिदहरुको नियन्त्रण खाता गाउँपालिकाले तयार गरेको छैन । कुन कुन वडाबाट के कति रकम प्राप्त भयो । प्राप्त रकम कुन समयमा दाखिला भयो । कुन कुन रसिद ठेलीबाट के कति रकम प्राप्त भै कहिले बैक दाखिला भयो सो सम्बन्धमा एकिन हुन नसकेको कारण गाउँपालिकाले यो बर्ष प्राप्त भएको आम्दानी रु.१६८५७११.० को हकमा सवै नगदी रसिद संकलन गरी वास्तविक आय एकिन गर्नुपर्ने देखिन्छ । | |
| २८ | | | **राजस्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| २९ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३० | | | **मनोरञ्जन करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३१ | | | **व्यवसाय करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख | |

| | | | | |
|---|---|---|---|---|
| | | | अध्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३२ | | | **उपभोक्ता समितिमार्फत कार्य**<br>**लागत सहभागिता** — गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३३ | | | **सशर्त कार्यक्रम शिक्षातर्फः**<br>**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको १३६ जना शिक्षक दरवन्दी रहेकोमा १३६ जनानै पदपूर्ति भएको ७२०७ विद्यार्थीको संख्या रहेको देखिन्छ । ७ वटा विद्यालयमा शुन्य दरबन्दि रहेको छ । | |


https://nams.oag.gov.np

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | श्रीपार्वती आ.वि. | 0 | 0 | 0 | 74 |
| 2 | श्रीदुर्गाभवानी आ.वि. | 5 | 5 | 2 | 338 |
| 3 | श्रीत्रिपुरा आ.वि. | 0 | 0 | 0 | 57 |
| 4 | श्रीजयदुर्गा आ.वि. | 0 | 0 | 0 | 56 |
| 5 | श्रीफुलवारी आ.वि. | 0 | 0 | 0 | 71 |
| 6 | श्री खप्तडआ.वि. | 3 | 3 | 2 | 115 |
| 7 | श्रीकाँडाभवानी मा.वि. | 19 | 19 | 9 | 632 |
| 8 | श्रीकुर्पेकोट आ.वि. | 3 | 3 | 1 | 169 |
| 9 | श्रीमालिका मा.वि. | 6 | 6 | 2 | 390 |
| 10 | श्रीमष्टेश्वरी आ.वि. | 3 | 3 | 1 | 66 |
| 11 | श्रीदेवस्थली मा.वि. | 8 | 8 | 5 | 233 |
| 12 | श्री भवानीमा.वि. | 7 | 7 | 2 | 527 |
| 13 | श्रीधनाल्त आ.वि. | 2 | 2 | 0 | 77 |
| 14 | श्रीभागेश्वरी आ.वि. | 0 | 0 | 0 | 55 |
| 15 | श्रीत्रिवेणी आ.वि. | 0 | 0 | 0 | 45 |
| 16 | श्रीब्रह्मेश्वरी आ.वि. | 3 | 3 | 0 | 234 |

| | | | | | |
|---|---|---|---|---|---|
| **17** | श्रीदौनागिरी आ.वि. | **2** | **2** | **0** | **129** |
| **18** | श्रीजिउलेख आ.वि. | **2** | **2** | **1** | **196** |
| **19** | श्रीखापरदेवस्थली मा.वि. | **12** | **12** | **3** | **654** |
| **20** | श्रीबडिचौर आ.वि. | **4** | **4** | **2** | **48** |
| **21** | श्रीशैलेश्वरी आ.वि. | **2** | **2** | **0** | **134** |
| **22** | श्रीबालविकास आ.वि. | **3** | **3** | **1** | **349** |
| **23** | श्रीमष्टेश्वरी मा.वि. | **19** | **19** | **4** | **835** |
| **24** | श्रीघटालमाण्डौ आ.वि. | **0** | **0** | **0** | **112** |
| **25** | श्रीजाल्पादेवी मा.वि. | **4** | **4** | **2** | **372** |
| **26** | श्रीब्रह्मदेव आ.वि. | **4** | **4** | **3** | **194** |
| **27** | श्री दशरथमा.वि. | **11** | **11** | **6** | **309** |
| **28** | श्रीदशरथवडालेक आ.वि. | **5** | **5** | **1** | **136** |
| **29** | श्री मष्टाआ.वि. | **3** | **3** | **3** | **238** |
| **30** | श्रीसरस्वती मा.वि. | **3** | **3** | **1** | **326** |
| **31** | श्रीखापरदेवस्थली आ.वि. | **3** | **3** | **0** | **36** |
| | **जम्मा** | 136 | 136 | 51 | 7207 |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

३४

**पाठ्यपुस्तकमा बढी भुक्तानी** १५०,१००

नेपाल सरकार तथा गाउँपालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । गाउँपालिकाले देहायका विद्यालयलाई पहिलो किस्ता पाठ्यपुस्तक ७५ प्रतिशत निकासा दिएकोमा अन्तिम किस्ता विल भर्पाईका आधारमा र विद्यार्थि भर्ना संख्याको आधारमा बाँकी रकम निकासा दिनुपर्नेमा विद्यार्थि संख्या एकिन नगरी विलका आधारमा बढी निकासा दिएको छ । सो निकासा आ.व.को अन्त्यमा भएकोले सोको अनुगमन गर्नुपर्ने तथा देहायका विद्यालयमा जानुपर्ने भन्दा रु.१५०१००.० बढी निकासा भएको रकम असूल गरी दाखिला हुनुपर्ने देखिएको रु

| **विद्यालयको नाम** | **पहिलो किस्ता निकासा** | **विल भर्पाई** | **भुक्तानी** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| काडा भवानी मावि | 252875 | 340049 | 137174 | 50000 |
| मष्टेश्वरीमा वि | 323253 | 413329 | 140176 | 50100 |
| दशरथ मा वि | 146173 | 148028 | 51855 | 50000 |
| **जम्मा** | | | | **150100** |

३५

**विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई गाउँपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट गएको देहायको अनुदानको अनुगमन गरेको देखिएन । यसरी अनुदानको वितरण भए नभएको एकिन भएन । यसमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>विद्यालयलाई गएको अनुदान शीर्षक</th><th></th><th>अनुदान रकम</th></tr><tr><td>सेनिटरी प्याड</td><td>260/078/3/27</td><td>1036091</td></tr><tr><td>विज्ञान सामाग्री</td><td>166/078/3/17</td><td>638984</td></tr><tr><td>सिकाई सहजिकरण</td><td>138/078/3/4,94/078/1/15</td><td>3252160</td></tr><tr><td>दिवा खाजा</td><td>037/078/3/4</td><td>2151495</td></tr></table> | |
| ३६ | | | **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम**<br>**कार्य सम्पन्न पेश गर्नुपर्नेः** ३।०७७।९।२० स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम विद्यालय भौतिक निर्माण सुधार अन्तरगत गाउँपालिकाले देवस्थली माविलाई ४ कोठे भवन निर्माणको लागि रु ३५७३५७५.० निकासा गरेकोमा सोको कार्यसम्पन्न पेश गर्नुपर्ने रु | ३,५७३,५७५ |
| ३७ | १८४ | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>**१८४/०७८/३/२५** गाउँपालिकाले विभिन्न विद्यालयको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बमोजिम आर्थिक बर्षको अन्तमा निकासा गरेको छ । आ व को अन्तमा गरेको रु.१०९३८०००.० निकासाले कार्यक्रमको उद्धेश्य पुराहुने देखिदैन ।कार्यक्रम निर्देशिका वमोजिम खर्च भए नभएको अनुगमन प्रतिवेदन प्राप्त गरी खर्चको सुनिश्चितता गर्नुपर्दछ । | |
| ३८ | | | **आँशिक कार्य गरी कार्यसम्पन्न गरेको**<br>गाउँपालिकाले स्वीकृत बार्षिक कार्यक्रम तथा योजनाहरु आर्थिक बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी व्यवस्थापन गर्नुपर्दछ । योजनाको लागत अनुमान तयार गरी लागत अनुमान वमोजिमको कार्य सम्पन्न गर्नुपर्नेमा आ वको अन्तमा कार्य गराउने र जे जति कार्य भयो सोहीलाई आधार मानी कार्य सम्पन्न गर्ने गरेबाट योजना समयमा पुरा नहुने र लगानी खेर जाने देखिन्छ । संघिय समपुरकबाट सञ्चालित निम्न योजना अधुरो निर्माण भएको र लागत साझेदारी गाउँपालिका र संघीय दुवै श्रोतबाट व्यहोर्नुपर्नेमा संघिय समपूरकबाट मात्र खर्च गरेको छ । | |

| योजना | लागत अनुमान | ठेक्का रकम | हाल सम्म भुक्तानी | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|
| डुग्रीखोला देखि वड्डाउने सडक | ७९४५५३९ | ३४३३८९९ | १९०१०७७ | १९०१०७७ |
| दशरथ मावि फुटवल स्टेडियम | १५८२९४२० | ७२९७०१५ | २६१८१२२ | २६१८१२२ |
| पैयाँपाटा देखि वडा कार्यालय हुदै स्वस्थ्य चौकी | १७४४३५५ | १७४४३५५ | ८८२८४६ | ८८२८४६ |

स्टेडियममा पिलरको हात्ति पाईले मात्र राखेको अनुगमन प्रतिवेदनमा उल्लेख छ । उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **हर्जानाः** | |
| ३९.१ | ३७३ | | **३७३।०७८।३।३०**<br>वि पि स्मृति भवनको रंगरोगन, पर्खाल/घेरावार तथा शौचालय निर्माणको लागि रु १०२०४२८। मा कार्य सम्पन्न गर्ने गरी वेतालमाण्डौ निर्माण सेवाले मिति २०७७ मंसिर २ गते सम्झौता गरेको छ । ठेक्काको अवधि २०७७ चैत्र ३० गते सम्म रहेकोमा निर्माण व्यवसायीले ७५ दिन ढिला गरी मिति २०७८।३।१५ मा कार्य सम्पन्न गरेको छ । म्याद थप नभएको सो ठेक्कामा कार्य सम्पन्न अवधि भन्दा ७५ दिन ढिला भएकोले ठेक्का अंकको ०.०५ प्रतिशतले दैनिक रु ५१०.२१ ले हुने रु ३८२६७।- हर्जाना असुल गर्नुपर्ने रु | ३८,२६७ |
| ३९.२ | २८ | | **सिचाई नहर मर्मतः** २८।०७८।३।२७ गाउँपालिकाले आगामी बर्षको लागि कार्यक्रम तथा बजेट तयार गरी गाउँसभाबाट स्वीकृत गराई कार्यक्रम/योजना सञ्चालन गर्दछ । स्थानीय जनताको आवश्यकता अनुसार योजना छनौट गर्नुपर्दछ । आफुले सञ्चालन गरेका योजनाको अभिलेख गाँउगाउँपालिकाले राख्नु पर्दछ । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको च नं १६१३ मिति २०७८।३।६ को पत्रसाथ घट्टेखोला देखि खडिपाटा सम्म सिचाई नहर मर्मत वापत रु.३० लाख बजेट प्राप्त भएको छ । गाउँपालिकाले छनौट नगरेको योजना, प्रदेश सरकारले आ व को अन्तमा निकासा गरेको सो योजना कसले वनाएको र के कस्तो अवस्थामा छ । गाउँपालिकालाई जानकारी छैन । योजना निर्माणको लागत, योजनाको अवस्था कहिले निर्माण भएको हाल कस्तो अवस्था छ कुनै जानकारी विना बजेट विनियोजन गर्ने र नयाँ योजना वनाउने वा मर्मत गर्ने के गर्ने हो अवस्यकता हो होईन कुनै विवरण नभै सोझै केन्द्रबाट आ व को अन्तमा निकासा गरी खर्च गरेको छ । योजना कहिले प्रारम्भ भएको हो, कुन निकायबाट कहिले निर्माण भएको, | २,८१६,४५६ |

| | | | | |
|---|---|---|---|---|
| | | | मर्मत गर्नुपर्ने हो होईन सोको यथार्थ विवरण (रकम प्राप्त भएको १७ दिनमा कार्य सम्पन्न) संलग्न नगरी खर्च भएको रु २८१६४५६।- वास्तविक खर्च मान्न नसकिएको रु | |
| ४० | | | **सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट मसलन्द तथा कार्यालय सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ कोटेशनको माध्यमबाट सोझै खरिद गरेको विवरण पेश भएन। | |
| ४१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु. १८००००.० खर्च गरेको छ । | |
| ४२ | | | **सार्वजनिक परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४३ | | | **स्थानीय पूर्वाधार विकास कार्यक्रम** **संचितकोष फिर्ता गर्नुपर्नेः** कार्यालयले जिल्ला समन्वय समितीको मिती २०७८/२/२ को निर्णय अनुसार वडा न ५ छान्नेखोला तटबन्धनको लागी विनियोजित रु.१० लाख रकम बाजुरा जिल्ला अस्पतालमा पि.सि.आर ल्याब संचालनको रकमान्तर गरी जिल्ला प्रशासन कार्यालयको विविध खातामा जम्मा गरेको छ।स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गतको खर्च नभएको रकम आर्थिक बर्षको अन्त्यमा संघिय संचित कोष फिर्ता गर्नुपर्नेमा सो नभएको र हालसम्म पि.सि.आर ल्याब संचालन हुन नसकेकोले, उक्त रकम संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु | १,०००,००० |
| ४४ | | | **संघिय सरकार शसर्त अनुदान चालु** | १,१७६,००० |

**शर्त विपरित भुक्तानीः-** सशर्त कार्यक्रम फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण अभियान (५० प्रतिशत अनुदान) कार्यक्रममा कृषकबाट माग नआएको भनि कार्यक्रम सम्शोधन गरी विरुवा खरिद गरी विना अनुदान वितरण गरेको देखियो ।शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नेपर्नेमा गाउँपालिकाले कार्यगाउँपालिकाको निर्णय गरेर ५० प्रतिशत अनुदान नराखी खर्च गरेको देखियो । यसरी शर्त विपरित भएको देहायको खर्च नियम सम्मत नदेखिएको रु.

| **गोभौनं./मिति** | **विवरण** | **परिमाण** |
|---|---|---|
| 263/078/3/27 | सञ्जिवनी सप्लायर्स र जनसामाजिक एग्रो फरेष्ट्रि प्रा.लि.बाट फलफूलका विरुवा खरिद | 647000 |
| 91/078/1/5 | सञ्जिवनी सप्लायर्स च्यालेन्दर ओखरका विरुवा | 529000 |
| **जम्मा** | | **1176000** |

४५

**गाउँपालिका पूँजिगततर्फ**

**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वियन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ।

४६

**बिमा गराउनुपर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

४७

**उपभोक्तालाई पेश्की**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समितीलाई सम्झौता रकमको बढीमा एक तिहाईसम्म पेश्की उपलब्ध गराउन पाउने व्यवस्था रहेको छ।कार्यालयले गाउँपालिका पूँजिगत तथा हस्तान्तरित कार्यक्रम पूँजिगत अन्तर्गत कुल ७६ दर्ता नभएका उपभोक्ता समितीलाई सम्झौता पश्चात्त विभिन्न मितीमा कुल रु.१९३३६३९०.० पेश्की उपलब्ध गराएको छ।उपलब्ध पेश्कीमध्ये केही पेश्की आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट भएको छैन।दर्ता नभएका उपभोक्तालाई पेश्की उपलब्ध गराउने र आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नगर्ने परिपाटीले वित्तीय जोखिम बढ्न जाने देखिन्छ। | |
| ४८ | | | **सब कन्ट्याक्टरबाट काम गराएको**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ।उपभोक्ता मार्फत संचालन भएका योजनामा देहायका निर्माण व्यावसायीबाट सडक निर्माणको कार्य गराएको देखियो। नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १९३/२०७८/१/२२ | काँडा सडक मर्मत उ.स | ७५३९३१.० | अशोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३८४०००.० |
| १९४/२०७८/१/२२ | गल्कोट देखि धोलछडा सडक निर्माण उ.स | ७४९९०५.० | अशोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८९१३३९.० |
| २१३/२०७/२/२० | वडा न २ सडक मर्मत | १३६०८९०.० | आर.एन्.निर्माण सेवा | ८९६०००.० |
| ५/२०७८/३/२१ | स्वास्थय भवन देब्रेतोलादेखि पिपल गाउँसम्म सडक निर्माण | ८४२४३०४.० | पुष्कर निर्माण सेवा | २३७००००.० |
| ३५२/२०७८/३/२८ | भवानी मा.वि देखि धुर्तोलासम्म सडक निर्माण | ८५५००००.० | पि.के.कन्स्ट्रक्सन | ७५६००००.० |
| जम्मा | | | | ३१६४३३९.० |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **डोजर प्रयोगको बिल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले देहायका उपभोक्ता समितीलाई डोजरबापत निम्नानुसार रकम भुक्तानी गरेकोमा, डोजार प्रयोगको घटी बिजक पेश गरेको तथा बिजक पेश नभएको रु.२०८७२९५.० को बिजक सम्बन्धितबाट पेश हुनुपर्ने अन्यथा उपभोक्ताको योगदानको अंश कट्टी गरी असुल गर्नुपर्ने रु | २,०८७,२९५ |

| भौ.नं/मिती | उपभोक्ताको नाम | डोजर बापत भुक्तानी भएको रकम (दर विश्लेषणका आधारमा) | डोजरको बिल पेश भएको (मू.अ.कर बाहेकको रकम) रु | घटी बिल पेश भएको रु |
|---|---|---|---|---|
| ३०/२०७७/९/१६ | वडा नं ५ सडक मर्मत समिती | ४७२७००.० | ३१३०००.० | १५९७००.० |
| ४७/२०७७/९/२४ | वडा नं ४ सडक मर्मत समिती | ९७०९५१.० | ०० | ९७०९५१.० |
| १९३/२०७८/१/२२ | काँडा सडक मर्मत उ.स | ५७३७०७.० | ३८४०००.० | १८९७०७.० |
| १९४/२०७८/१/२२ | गल्कोट देखि धोलछडा सडक निर्माण उ.स | ९०६७०८.० | ८९१३३९.० | १५३६९.० |
| २१३/२०७/२/२० | वडा न २ सडक मर्मत | १४३७६१८.० | १०८५९५५.० | ३५१६६३.० |
| ५/२०७८/३/२१ | स्वास्थय भवन देब्रेतोलादेखि पिपल गाउँसम्म सडक निर्माण | ४६१३०५.० | २३७०००.० | २२४३०५.० |
| ३५२/२०७८/३/२८ | भवानी मा.वि देखि धुर्तोलासम्म सडक निर्माण | ९३१६००.० | ७५६०००.० | १७५६००.० |
| जम्मा | | | | २०८७२९५.० |

५०

**गाउँपालिका भवन निर्माणः**

कार्यालयले खप्तड छेडेदह गाउँपालिका भवन निर्माणका लागी मिती २०७७/९/५ मा पि.एस् कन्स्ट्रक्सनसँग रु.४७३५३०८१.०७ (मू.अ.कर तथा प्रोभिजनल सम समेत) मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको छ।सम्झौता अनुसार निर्माण व्यवसायीले १८ महिनामा उक्त भवनको निर्माण कार्यसम्पन्न गर्नुपर्ने अवधि तोकिएको छ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।

:

गाउँपालिका भवन निर्माणको लागी कार्यालयले मिती २०७७/४/३० मा सूचना गरी रु ६४२८३३१३.०(मू.अ.कर तथा प्रोभिजनल सम समेत) लागत अनुमान तयार गरी टेन्डर आह्वान गरेको छ।उक्त टेन्डरमा कुल नौ फर्मको बोलपत्र परेकोमा मिती २०७७/७/१३ को प्राविधिक पक्षको मूल्याङ्कनमा सो मध्ये आठ फर्मको Bid Capacity मा निर्धारण गरिएको योग्यताको कागजात पेश नभएको भनी, एकमात्र फर्म पि.एस् कन्स्ट्रक्सनलाई आर्थिक पक्षको मूल्याङ्कनमा समावेश गरिएको छ।सो सम्बन्धमा Bid

<table>
<tr><td></td><td></td><td></td><td>Capacity को लागी आवश्यक के कस्तो कागजात पेश नभएको, सो बमोजिम पूर्वयोग्यता निर्धारण भए/नभएको निर्णय पेश भएको छैन।आवश्यक पुष्ट्याँई तथा प्रमाणबिना अन्य फर्मलाई प्राविधिक मूल्याङ्कनमा अनुत्तिर्ण भएको निर्णय भएकोले, मूल्याङ्कन नियमसम्मत भएको मान्न सकिएन।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>३७२/२०७८/३/२०<br>कार्यालयले भवन निर्माणको प्रथम रनिङ्ग बिल बापत रु ३४७८९४६.०(मू.अ.कर समेत) निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्ययस्था रहेको छ।कार्यालयले भवन निर्माण सम्झैतामा गुणस्तर परीक्षणको व्यवस्था गरेतापनि Materials Test, Concerete Test लगायतका गुणस्तर परीक्षण समेत नगरी प्रथम रनिङ्ग बिल बापतको रकम भुक्तानी गरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>दरविश्लेषण पेश नभएकोः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा अनुसूची १ बमोजिमको ढाँचामा आईटम दररेट हिसाब गरेर, लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायको वडा कार्यालय भवन निर्माणको लागी निम्नानुसार लागत अनुमान स्वीकृत गरी, बोलपत्र आह्वान गरेकोमा, सोको आईटम दररेट र दरविश्लेषण पेश नभएकोले, स्वीकृत लागत अनुमान नियमावलीको प्रक्रिया बमोजिम तयार भए नभएको यकिन गर्न सकिएन।
<table>
<tr><td>सि.नं</td><td>योजना</td><td>लागत अनुमान(मू.अ.कर समेत)</td></tr>
<tr><td>१</td><td>वडा नं १ वडा कार्यालय भवन निर्माण</td><td>१९१५४५८२.७</td></tr>
<tr><td>२</td><td>वडा नं ४ वडा कार्यालय भवन निर्माण</td><td>१९१६२४४७.१</td></tr>
<tr><td>३</td><td>सिउनगाड वृहत्त तटबन्धन योजना</td><td>४०५५३७२.५</td></tr>
<tr><td>४</td><td>सरस्वती मा.वि भवन निर्माण</td><td>१९०८९५२८.४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td>३७१</td><td></td><td>पाईप जडान<br>३७१/२०७८/३/३०, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यालयले पाईप, ट्याङ्की हिटिङ्ग प्लेट लगायतका सामग्री खरिद बापत विकास कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्सलाई रु ४७६०००.० भुक्तानी गरेकोमा, खरिद भएको पाईप तथा अन्य सामग्री जडानको प्रमाण पेश नभएकोले, सो सामग्री जडान गरी कार्यसम्पन्न पेश गर्नुपर्ने रु</td><td>४७६,०००</td></tr>
<tr><td>५४</td><td>२६७</td><td></td><td>उपभोक्ताको बिल</td><td>११३,०५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | **२६७/२०७८/३/१७**, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ।कार्यालयले झाडखर्कदेखी खापरमाण्डुसम्म पक्की सडक कुलो निर्माण समितीलाई रु ६५८५२८.० भुक्तानी गरेको छ।संलग्न श्रेस्ता अनुसार कार्यालयले उपभोक्तालाई पि.सि.सि.(१:३:६) को १५५६२.४ घ.मी. कार्य बापत रु १३२९६५२.० भुक्तानी गरेको छ।दरविश्लेषण अनुसार सो कार्यको लागी ४.६ बोरा प्रति घ.मी ले ३९३ व्याग सिमेन्ट लाग्नेमा उपभोक्ताद्वारा २६० बोरा सिमेन्टको बिल मात्र पेश गरेको छ।नपुग १३३ ब्याग सिमेन्टको प्रति ब्याग रु ८५० को दरले रु ११३०५० को बिजक पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु | |
| ५५ | | | **बैठक भत्ताः**<br>**बैठक भत्ताः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। यस गाउँपालिकाका कर्मचारी तथा पदाधिकारी मात्र सम्मिलित भएको निम्मानुसार संख्याका पदाधिकारीहरुलाई, बैठक भत्ता बापत भुक्तानी भएको रु.२६३९२५.० नियम सम्मत नदेखिएको रु | २६३,९२५ |

| भौ.नं/मिति | प्रयोजन | पदाधिकारी संख्या | रकम |
|---|---|---|---|
| २२/२०७७/७/३ | शिलबन्दी दरभाउपत्र तथा बोलपत्रको मूल्याङ्कन बापत | २२ | ४९७२५.० |
| १६६/२०७७/९/२६ | वडा कार्यालय भवन निर्माण कार्यको सूचना प्रकाशन र सो सम्बन्धि विभिन्न बैठक | २० | ९५६२५.० |
| २६९/२०७७/१२/३० | ब्रह्मदेव विद्यालय भवन निर्माण कार्यको लागी सूचना तथा बैठक | २५ | ११८५७५.० |
| जम्मा | | ६७ | २६३९२५.० |

| | | | | |
|---|---|---|---|---|
| ५६ | १९५ | | **जिन्सी दाखिला नभएको**<br>**१९५/२०७७/११/१८**, कार्यालयले सात डिपिङ्ग ट्याङ्क खरिद बापत रु ३२८२६५.० भुक्तानी गरेकोमा, सोको जिन्सी दाखिला नभएको तथा प्रयोगको अवस्था समेत नखुलेकोले, खरिद भएको सामग्रीको उपयोगको सुनिश्चतता गर्न नसकिएको रु | ३२८,२६५ |
| ५७ | ५४५ | | **५४५/०७८/३/३०**<br>कार्यालयको बार्षिक कार्यक्रम अनुसार सिलाई फ्याब्रिन घेरावार कार्यको लागि रु.२५००००.० को लागतमा समितिको तर्फबाट ५० हजार अर्थात २० प्रतिशत र कार्यालयको तर्फबाट २ लाख अर्थात ८० प्रतिशत लागत साझेदारीमा कार्य गर्ने गरी सम्झौता भएकोमा प्राविधिक विल अनुसार रु.२१८०७९.० मा कार्य सम्पन्न भएको | ८,८११ |

| | | | | |
|---|---|---|---|---|
| | | | देखियो ।सम्झौता अनुसार रु. ४३६१६.० कट्टा गरी रु. १७४४६३.० भुक्तानी हुनुपर्नेमा रु. १८३२७४.० भुक्तानी भएकोले बढी भुक्तानी रु. ८८११.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु. | |
| ५८ | | | **भ्रमण खर्च**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउगाउँपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५९ | | | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १६(ख) मा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नपर्नेमा अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ ।यस गाउँपालिकामा पहिलो किस्ता नगद वितरण गरेकोमा सम्बन्धित व्यक्तिलाई रकम बुझाउनु पर्नेमा धेरै जसो हस्ते गरेर अर्को व्यक्तिलाई बुझाएको देखियो । यसरी सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्ने अन्यलाई बुझाउदा सम्बन्धित लाभग्राहीले पाएको भन्न सकिने देखिएन ।यस्तो कार्यको गाउँपालिकाबाट विशेष ध्यान जानुपर्ने देखिन्छ । | |
| ५९.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसार बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक मार्फत वितरण भएको खाताको विवरणमा आर्थिक बर्षको अन्त सम्ममा निष्कृय रहेको खाताको विवरण अद्यावधिक गरेको देखिएन । गाउँपालिकाले यस बर्ष सामाजकि सुरक्षाबापत कुल रु. ५८०८४८२४.० वितरण गरेको र पहिलो किस्ता हातहातै नगद विवरण गरेर दोस्रो र तेस्रो किस्ता हिमालय बैक लिमिटेड शाखा कार्यालय छेडेदहबाट खाता खोलि वितरण गरेको छ । बैकले दिएको विवरण अनुसार हाल सम्म खाता विवरण अद्यावधिक नगरी बैकमा देखिएको देहायको रकम गाउँपालिकाबाट यथासिघ्र अनुगमन गरी खाता अद्यावधिक गर्न लगाउनु पर्ने देखिएको रु. | ६,७३३,८७८.६ |

| विवरण अद्यावधिक नभएका खाताको संख्या | रकम |
|---|---|
| ६५२ वटा | ६७३३८७८.६ |

५९.२ गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी पहिलो चौमासिकमा तथा बैंकबाट वितरण भएको रकममा एउटै व्यक्तिलाई दोहोरो रकम जम्मा गरेको देखियो । सो रकम सम्बन्धित लाभग्राहीबाट असूल हुनुपर्ने रु ४९,८००

| **नाम** | **वडा** | **कैफियत** | **रकम** |
|---|---|---|---|
| केशु बुढा जेष्ठ नागरिक ७० बर्ष भन्दा माथि | 5 | 2077 साउनमा मृत्यु भएको | 9000 |
| किरमुलि रावल 06108715810023 | - | दोहोरो पोस्टिङ | 12000 |
| लालि रावल 06108939710016 | - | दोहोरो पोस्टिङ | 12000 |
| कल्चु रोकाय 06108940810016 | - | दोहोरो पोस्टिङ | 12000 |
| विराज रोकाय 06108925450011 | - | दोहोरो पोस्टिङ | 1600 |
| साङ्ग धामी 06109058740016 | - | दोहोरो पोस्टिङ | 1600 |
| छत्र मिजार 06109533420013 | - | दोहोरो पोस्टिङ | 1600 |
| **जम्मा** | | | **49800** |

६० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार

कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि ९ वडाका ९३८ जनालाई रोजगारी उपलव्ध गराई रु.४८३४९८४०.० खर्च गरेको छ।लक्षित वर्गलाई ३० देखि १०० दिनसम्म गरी औषत ६८ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।

| वडा नं | कार्यक्रम/योजना संचालन | श्रमिक संख्या | कुल खर्च भएको रकम |
|---|---|---|---|
| १ | ४ | ७१ | २८९९०००.० |
| २ | ५ | ९१ | ३९८६०७०.० |
| ३ | ३ | ५७ | २९४६९००.० |
| ४ | ६ | २७९ | १२०२०२५०.० |
| ५ | ६ | १८१ | ९३६८०४०.० |
| ६ | ६ | १३३ | १०६१५३८०.० |
| ७ | ५ | १२६ | ६५१४२००.० |
| जम्मा | | | ४८३४९८४०.० |

६१

**विपद् व्यवस्थापन**

**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

६२

**विपद् व्यवस्थापन कोष-**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाको विपद व्यवस्थापन कोषको अवस्था देहाय अनुसार रहेको छ ।

| **कोषकोनाम** | **कोषगठनभएकोकानुन** | **शुरुमौज्दात** | **योवर्षथप** | **योवर्षकोखर्च** | **बाँकी** |
|---|---|---|---|---|---|
| विपदव्यवस्थापनकोष | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ | ६३७००० | १९८७०८४ | १७६११३६ | ८६२९४७ |

६३

**पि.सि.आर. प्रयोगशालाः** ६००,०००

जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.३३८८ मिति २०७८/२/९ को पत्र बमोजिम मिति २०७८/२/६ को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.१० लाख मध्ये कम्तिमा ६० प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम २०७८ भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस गाउँपालिकाले रु.६ लाख मिति २०७८/२/२१ गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ । जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि २०७८ आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन । गाउँपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ । जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु.

६४

**बार्षिक प्रतिवेदनः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

६५

**आन्तरिक लेखापरीक्षणको बेरुजूः** १२,८००

प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछर्यौट गरिसक्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले उक्त कानूनी व्यस्था पालना नगरी अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्दा देहायबमोजिमका व्यहोराहरु फछर्यौट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।

:

**कर घटी कटाएको:** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसारको विभिन्न भुक्तानीमा तोकिएको दरमा कर कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ ।यस पालिकाले निम्नानुसारको भुक्तानीमा कर नकटाएको र कटाएको हकमा घटी कटाएको देखिएकोले देहायअनुसार असुल गरी कर दाखिला गर्नु पर्ने देखिएको रु

| गो भौ र मिति | भुक्तानी विवरण | कट्टा भएको रकम | कैफियत |
|---|---|---|---|
| 213/078/3/7 | किरिया घर नि.मैतोलाको गाडी भाडा | 200 | बहाल कर |
| 211/078/3/24 | प्रशिक्षक भत्ता रामचन्द्र सार्की | 4200 | अग्रिम कर |
| 212/078/3/24 | प्रशिक्षक भत्ता जनक बहादुर नेपाली | 4200 | अग्रिम कर |
| 213/078/3/24 | प्रशिक्षक भत्ता एकेन्द्र बहादुर नेपाली | 4200 | अग्रिम कर |
| | जम्मा | 12800 | |

६६ **खर्च पुष्टि नभएको:** ५५४,११८

सूदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७ मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले प्रमाण पेश हुनु पर्ने अन्यथा देहायअनुसार खर्च पुष्टि नभएको रकम असुल हुनु पर्ने देखिएको रु

| गो भौ र मिति | भुक्तानी विवरण | रकम |
|---|---|---|
| 13/077/8/24 | डाँडा गडा नाउला सि.कु ज्यालाको दररेट बढी भुक्तानी असुल गर्नुपर्ने | 6250 |
| 112/077/12/3 | जिउला सि.कु नि गाडी भाडाको सम्झौता नभएको | 49600 |
| 113/77/12/3 | गुईवन खोप केन्द्र स्टेमेट भन्दा बढी भुक्तानी | 6437 |
| 144/077/12/4 | चौर खर्क देखि दरिगौडा सम्म सि कु नि मा बढी भुक्तानी | 4650 |
| 145/077/12/13 | जुकेनी सि.कुमा बढी भुक्तानी | 8450 |
| 246/078/3/15 | महिला विकास मञ्चद्धारा संचालित कार्यक्रममा सम्झौता भन्दा बढी भुक्तानी | 6670 |
| - | झाडखर्क देखि खापरमाण्डु सम्म सिचाई कुलोमा विल भर्पाई वेगर खर्च भुक्तानी | 77736 |
| 361 | पधेरीखोला देखि कोल सम्म सिचाई कुलोको कार्यमा साहस नेपालले विल भर्पाई वेगर भुक्तानी | 11700 |
| 206/077/11/19 | का.पा सदस्य भिम नेपालीलाई भ्रमण खर्च बढी भुक्तानी | 500 |
| 207/077/11/19 | वडा अध्यक्ष हर्क ब.रावतको अनुगमन खर्च बढी भुक्तानी | 3510 |
| 13/077/12/10 | भुवन निर्माण सेवाको धरौटि कट्टी नगरेको कट्टा गर्नुपर्ने | 212369 |
| 55/077/12/1 | ओषधि खरिदमा सम्झना सर्जिकल एण्ड सप्लायर्सको दर रेट भन्दा बढीको विल पेश भएकोले बढी भुक्तानी | 10514 |
| 63/077/12/17 | स्वास्थ्य शाखामा दोस्रो चौमासिक समिक्षा गोष्ठिमा दोहोरो भ्रमण खर्च भुक्तानी | 6600 |
| 87/078/1/3 | स्वास्थ्य शाखामाको पालिका स्तरिय गोष्ठिमा कम विल पेश गरी बढी भुक्तानी | 6000 |
| 144/078/3/9 | वडा नं ६ मसला पकेट समितिलाई एक दिन कार्यक्रम गरेरकोमा दुई दिनको भुक्तानी | 9205 |
| 207/078/323 | वडा नं ३ तरकारी पकेट समितिलाई एक दिन कार्यक्रम गरेरकोमा दुई दिनको भुक्तानी | 12305 |

<table>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| 246/078/3/26 | स्वास्थ्य शाखामाबाट खरिद भएको प्लाई पोषण कर्नर दाखिला तथा प्रयोग भएको प्रमाण पेश नभएको | 83622 |
| 4/077/12/20 | सामाजिक सुरक्षा बढी भुक्तानी | 38000 |
| **जम्मा** | | **554118** |

</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|
| मोविलाइजेसन | पि.एस कन्स्ट्रक्सन | 11177000 | - |
| उपभोक्ता समिति | वडा नं.5 को सार्वजनिक प्रतिक्षालय | - | 125400 |
| | महिला मैत्रि स्थान गृह वडा 7 ओलि गाउँ | - | 132000 |
| | महिला मैत्रि स्थान गृह वडा 7 लम गाउँ | - | 132000 |
| | सिलाई कटाई तालिम | - | 90000 |
| | जम्मा | | 479400 |

</td><td>४७९,४००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**पेश्की बाँकी**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि २०७५ बमोजिम गाउँपालिकाले रु २८४८०००.० खर्च गरेको छ । आर्थिक बर्षको अन्तमा कार्य सम्पन्न गरि सक्नुपर्ने कार्यक्रमको रकम पेश्की स्वरुप रु.२२०७७४४,० बजेट खर्च गरेकोमा सोको कार्य सम्पन्न पेश गरी पेश्की फछ्र्योंट गर्नुपर्ने रु.

</td><td>२,२०७,७४४</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |
| ७० | | | अद्यावधिक बेरुजु<br>यस गाउँपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |

| गत वर्षसम्मको बेरुजू **(A)** रु.हजारमा | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) रु.हजारमा | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) रु.हजारमा |
|---|---|---|
| ८२९८१ | १२६गत बर्ष सम्परिक्षण भएको तर लगत कट्टा नभएको | ८२८५५ |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ८२८५५ | 0 | २५७९६ | 0 | १०८६५१ |